# महिलामाथि बलात्कार

बलात्कार भन्नाले कुनै पनि महिलाको इच्छाविपरीत गरिने सबै प्रकारका यौनकार्यहरू हुन् । बलात्कार गर्ने व्यक्तिले डर उत्पन्न गराएर, धम्काएर वा अन्य कुनै पनि प्रकारको बलको प्रयोग गरेर वा नगरेर यौनहिंसा गरेको छ वा छैन भन्ने कुरामा सरोकार राख्दैन। बरु महिलाको इच्छाविपरीत यौनकार्य भएको छ भने त्यो बलात्कार हुन्छ। हाम्रो देशको कानुनले महिलाको यौनाङ्गमा छेदन भएको स्थितिलाई बलात्कार मानेको छ। त्यस्तै कतिपय देशमा यौनाङ्ग, गुदद्वार वा मुख जहाँ भए पनि छेदन (Penetration) भएको स्थितिलाई मान्ने चलन छ । बलात्कार छेदनविना पनि हुन सक्छ । महिलाको इच्छाविपरीत विभिन्न प्रकारका यौनकार्य गर्न लगाउनु, बलात्कारको कोसिस गर्नुलाई पनि बलात्कार मान्नुपर्दछ । तसर्थ अहिलेसम्म रहिआएको बलात्कारसम्बन्धी मान्यतामा परिवर्तन हुनु जरुरी छ ।

अमेरिकामा महिलामाथि हुने हिंसाका बारेमा गरिएको राष्ट्रिय सर्वेक्षणको प्रतिवेदनले करिब १८ प्रतिशत महिलाहरू आफ्नो जीवनको कुनै न कुनै अवस्थामा पूर्ण वा प्रयासगत रूपले बलात्कारको शिकार हुने गरेको तथ्याङ्क सार्वजनिक भएको छ । हाम्रो देशमा यसप्रकारको राष्ट्रिय सर्वेक्षण नभएको भए तापनि हालसम्म प्राप्त भएका जानकारीहरूका आधारमा हिंसापीडित महिलाहरूमध्ये धेरै महिलाहरू बलात्कारको शिकार भएका घटनाहरू नै अगाडि आएका छन् ।

हामी महिलाहरूमाथि हाम्रो जीवनको जुनसुकै उमेरमा बलात्कार हुन सक्दछ। तैपनि उमेरको दृष्टिकोणले हेर्ने हो भने बालिका, किशोरी तथा कम उमेरका महिलाहरू प्रायःजसो बलात्कारबाट पीडित भएका छन्। बलात्कार हुँदा कतिपय महिलाहरू सङ्घर्ष गर्छन्, चिच्याउँछन्, बलात्कारीबाट आफूलाई छुट्ट्याउन खोज्दछन् र सकेसम्म बलात्कार हुनबाट आफूलाई जोगाउन खोज्दछन्। त्यही अवस्थामा कतिपय महिला भने चुपचाप लाग्दछन् । यी दुवै रणनीतिहरू महिलाहरूले आफ्नो ज्यान जोगाउनका लागि प्रयोग गर्ने हुन्। त्यसकारण शरीरमा चोटपटक लागेको छ कि छैन, टोकेको दाग छ कि छैन त्यसका आधारमा महिलामाथि बलात्कार भएको हो कि होइन ? भन्ने बारेमा निर्णय लिन खोज्नु ठीक होइन। यो महिलालाई हेर्ने दृष्टिकोणको कमजोरी मात्रै हो ।

## बलात्कार भएपछिको चिकित्सकीय सेवा

महिलाहरू कोही पनि केही गरी बलात्कृत भएमा उनको सबभन्दा पहिलो अवाश्यकता चिकित्सकीय सेवा हो। बलात्कार भएको प्रमाण बटुल्न वा शरीरमा लागेको घाउ, चोटपटकका लागि औषधिउपचार गर्न मात्र नभई उनको शारीरिक र मानसिक स्वास्थ्यका लागि पनि चिकित्सकीय सेवा अत्यन्तै आवश्यक हुन्छ।

बलात्कार हुनेबित्तिकै उनीमाथि बलात्कार भएको हो भन्ने प्रमाणलाई सँगालेर राख्नु अत्यन्तै आवश्यक हुन्छ। त्यसकारण बलात्कार हुनेबित्तिकै नुहाउनु हुँदैन । महिलालाई बलात्कार गर्ने व्यक्तिमाथि तुरुन्तै कारबाही गर्न मन नलागे पनि वा त्यो त्यतिखेर सम्भव नदेखिए पनि यदि महिलासँग बलात्कार भएको प्रमाण छ भने त्यसका आधारमा उनले आफूलाई सजिलो भएको अवस्थामा उसका विरूद्ध उजुरी गर्न सक्दछिन् । अहिलेसम्मको कानुनी प्रावधानअनुसार बलात्कार भएको ३५ दिनभित्र उजुरी दिन सकिन्छ। हामी महिलाहरूका लागि यो प्रावधानमा परिवर्तन हुनु जरुरी छ। बलात्कार भएकी महिलालाई उजुरी गर्न सजिलो हुने अवस्थामा मात्रै उनी उजुरी गर्न सक्छिन् । त्यसैले उनलाई उजुरी गर्नका लागि हदम्याद राख्न मिल्दैन र उनले चाहेको समयमा उजुरी गर्न सक्ने प्रावधान राख्नु जरुरी छ । हामी सबैले सङ्गठित भएर कानुनमा भएको यस्तो प्रावधान परिवर्तन गर्न आवाज उठाउन सकिन्छ र परिवर्तन ल्याउन पनि सकिन्छ ।

यथार्थमा बलात्कार हुनेबित्तिकै पहिला पुलिसकहाँ रिपोर्ट गर्न जानुपर्दछ । यसका साथै आफ्नो नजिकका साथी, महिला समूहका अध्यक्ष वा अन्य जिम्मेवार व्यक्ति, आफ्नो समुदाय वा घर छिमेकीमा भएका सहयोगी महिलालाई लिएर परीक्षणका लागि अस्पताल जानुपर्दछ। नियमानुसार बलात्कार भएको घटना पुलिसकहाँ उजुरी परेपछि शारीरिक परीक्षणका लागि अस्पताल लैजाने जिम्मेवारी पुलिसको हो । यसका लागि हामीले दबाब दिनुपर्दछ। आवाज उठाउनुपर्दछ। तैपनि हालसम्मको स्थितिलाई हेर्दा हामी आफूले पनि राम्ररी परीक्षण गराएर प्रतिवेदन राख्दा यसले हामीमाथि अन्याय गर्नेलाई सजाय दिलाउन मद्दत गर्दछ। बलात्कारबाट पीडित व्यक्तिहरूको जाँच अस्पतालले नि:शुल्क गर्नुपर्दछ। यसका साथै उक्त जाँच गर्दा हामीसँगै एक जना वकिल भए अझ सजिलो हुन्छ । सिद्धान्ततः यस्ता वकिल सरकारका तर्फबाट उपलब्ध हुनुपर्दछ। तर नेपाली समुदायमा सधैँ यो उपलब्ध नहुन सक्छ ।

महिलामाथि अत्यधिक हिंसा हुने देश अन्तर्गत हाम्रो देशको नाउँ पनि आउँछ। अत्यधिक हुने हिंसाभित्र पनि बलात्कार अग्र स्थानमा आउँछ । त्यसैले हरेक जिल्लामा बलात्कार

भएको अवस्थामा सहयोग गर्ने केन्द्रहरू (Rape Crisis Center) हुनु जरुरी छ। त्यसका लागि हामी सबै तह र तप्कामा भएका महिला तथा पुरुषहरूले आवाज उठाउनु, पैरवी गर्नु आवश्यक हुन्छ। सिद्धान्ततः बलात्कार भएका महिलाहरूको जाँच गर्न राम्ररी तालिम प्राप्त डाक्टर, नर्स र मनोविमर्शकर्ता आवश्यक हुन्छ। यसका लागि विभिन्न देशमा अस्पतालका केही डाक्टर, नर्सहरूलाई तालिम गरेर तयार गरिएको हुन्छ। हाम्रो देशको सन्दर्भमा पनि यो अत्यन्त आवश्यक देखिएको छ। यसका लागि हामी (महिला तथा पुरुष) सबैको जोडदार पहल र पैरवी आवश्यक छ।

बलात्कारले शरीरका कुनै पनि अङ्गमा शारीरिक चोट, क्षति पुऱ्याउन सक्दछ। त्यसकारण बलात्कारपछि जाँच गर्दा हामीले सम्पूर्ण शरीर र अङ्गहरूको जाँचका लागि अनुरोध गर्नुपर्दछ। तीमध्ये तल लेखिएका बुँदाहरूमा विशेष ध्यान पुऱ्याउनु आवश्यक हुन्छ -

**१. बलात्कारसँग सम्बन्धित मौखिक जानकारी तथा त्यससँग सम्बन्धित चिकित्सकीय मुद्दाहरू (A verbal history of the sexual assult & related medical concerns) :** बलात्कारपछि शारीरिक र मानसिक रूपले हामीलाई अत्यन्तै पीडा भएको हुन्छ। यस अवस्थामा हामीलाई घटनाका बारेमा विस्तृत जानकारी दिन अत्यन्तै गाह्रो हुन सक्दछ। तैपनि यो अवस्थामा जाँच गर्ने डाक्टरसँग हामीले केही आवश्यक कुरा गर्नुपर्दछ। डाक्टरले सोधेका कुरा (घटनासँग सम्बन्धित) को जवाफ दिनुपर्दछ। कहाँ पीडा भएको हो ? कहीँ टोकेको, निलडामका अन्य कुनै दाग, निलो चक्का वा अरू केही भएको छ भने त्यसका बारेमा पूर्ण जानकारी डाक्टरलाई दिन सकेमा मात्र डाक्टरले सबै पहिचान गर्न सक्दछ।

**२. यौनहिंसा (बलात्कार) को घटना तथा त्यससँग सम्बन्धित चिकित्सकीय मुद्दाहरूका बारेमा मौखिक जानकारी :** स्वास्थ्यकर्मी तथा डाक्टरहरूले घटनासँग सम्बन्धित विभिन्न प्रश्नहरू सोधेर त्यसको टिपोट गरी राख्दछन्। आफूमाथि घटेको घटनाका बारेमा बेलीबिस्तारसँग भन्न अप्ठ्यारो हुन्छ। घाउ कोट्याएजस्तो हुन्छ। तथापि भन्नै पर्ने हुन्छ। यसरी भन्दा अनावश्यक प्रश्नको जवाफ दिन आवश्यक छैन। तर आफ्नो शरीरमा कहीँ चोटपटक लागेको, निलडाम भएको, टोकेको घाउ वा अन्य कुनै प्रकारका चोटपटक लागेको भए त्यसका बारेमा जानकारी दिनु आवश्यक हुन्छ।

**३. तल्लो पेट जाँच (Pelvic exam) :** बलात्कार भएको भन्ने पुष्टि गर्न सबुत, प्रमाण बटुल्ने क्रममा चिकित्साकर्मीले योनि वा गुदद्वारका वरिपरि वीर्य भएको हुन सक्ने अनुमान

लगाई त्यहाँ जाँच गर्दछन् । तर कतिपय स्थितिमा वीर्य फेला नपर्न पनि सक्दछ । यसका साथै प्रमाण फेला पार्न डाक्टरले अन्य विभिन्न प्रकारका जाँच पनि गर्दछन् । यो जाँच गर्न हामीले स्वास्थ्यकर्मीलाई सहयोग गर्नुपर्दछ ।

**४. बाहिर अरू केही चोटपटक छ कि भन्नका लागि जाँच :** घटनाका क्रममा शरीरका अन्य कुनै पनि भागमा चोटपटक छ कि भनी चिकित्सकले सम्पूर्ण शरीरको जाँच गर्न आवश्यक हुन्छ । बाहिरी शरीरमा देखिने चोटपटक, नीलडाम वा अन्य कुनै चिन्हहरू छन् भने त्यसको फोटो लिनु आवश्यक छ । कहिलेकाहीं हाम्रो शरीरमा डाक्टरी जाँच सकेपछि पनि निलडाम देखिन सक्छ । त्यस्तो भएको खण्डमा पछि देखिएको निलडामको पनि फोटो लिनु र अन्य प्राप्त प्रमाणमा थप गर्न आवश्यक हुन्छ ।

**५. यौन रोगबाट बच्नका लागि गरिने उपचार** : कतिपय अस्पतालमा बलात्कारका क्रममा यौन रोग पनि लाग्न सक्ने खतरा भएकोले बलात्कार भएकी महिलालाई यौन रोगबाट बच्न औषधि दिने चलन छ । केही यौन रोगहरूको लक्षण देखिन ६ हप्तासम्म लाग्न सक्ने भएकोले ६ हप्तापछि फेरि एकपटक डाक्टरी जाँच गराउन आवश्यक हुन्छ ।

**६. गर्भवती हुनबाट बच्न गर्ने उपचार :** बलात्कारका क्रममा गर्भ रहन सक्ने पनि सम्भावना हुन्छ । यदि बलात्कार गरिएका महिलालाई आफू गर्भवती हुन सक्ने आशङ्का लागेमा गर्भ रोक्नका लागि आकस्मिक परिवार नियोजनको चक्की "पिल्स" खान दिनुपर्दछ ।

कतिपय स्थितिमा त्यो पनि भएन र महिला गर्भवती भइन् भने उनको इच्छाअनुसार उनलाई गर्भपतन गर्न सल्लाह र सहयोग गर्नुपर्दछ । नेपालको कानुनले गर्भपतनलाई अहिले कानुनी मान्यता दिएको छ । गर्भपतन सुरक्षित स्थानमा दक्ष चिकित्साकर्मीबाट गराउन पहल गर्नुपर्दछ । सुरक्षित गर्भपतनको सेवा पाउनु हरेक महिलाको अधिकार हो । त्यसैले हरेक जिल्लामा सुरक्षित गर्भपतन सेवा उपलब्ध हुनका लागि हामीले पैरवी गर्नु आवश्यक छ ।

**७. एच.आइ.भी./एड्स का बारेमा जानकारी :** बलात्कारले एच.आइ.भी. को जोखिम निम्त्याउन सक्छ । यस्तो अवस्थामा एच.आइ.भी. को बारेमा पूर्ण जानकारी पाउनु महिलाको अधिकार हो । यस्तो सूचना प्रवाह गर्न स्वास्थ्यकर्मी अत्यन्तै संवेदनशील र जिम्मेवार हुनु आवश्यक छ । कहिलेकाहीँ सूचनाले अनावश्यक डर, त्रास पैदा गर्न सक्दछ । त्यसैले सूचना एकदम सन्तुलित किसिमले दिनु आवश्यक हुन्छ । यदि सम्बन्धित महिलालाई शङ्का लाग्दछ भने ६ हप्ता पछि एच.आइ.भी. जाँचका लागि सहयोग गर्नुपर्दछ ।

**८. जाँच जारी राख्नु (Follow–up) :-** बलात्कारको केही समयपछि सम्बन्धित महिला पूर्ण रूपले ठीक जस्तो देखिए तापनि उनी मानसिक तथा शारीरिक दुवै रूपले पीडित हुन सक्दछिन्। त्यसकारण सम्बन्धित महिलाको जाँच बेलाबेलामा गर्नु आवश्यक हुन्छ। अझ बलात्कार भएको ६ हप्तासम्म पनि विभिन्न जाँच गर्न अत्यन्तै आवश्यक छ। बलात्कारको ६ हप्तापछि जाँच गर्दा गर्भ रहेको छ वा छैन, उनमा कुनै पनि यौन रोग सङ्क्रमण भएको छ कि छैन भनी पत्ता लगाउन सकिन्छ। यदि त्यस्तो केही भएको रहेछ भने उनलाई बेलैमा उपचार गर्न सकिन्छ। त्यसपछि पनि आवश्यकताअनुरूप बेलाबेलामा जाँच गर्नु आवश्यक हुन्छ।

## बलात्कार र कानुनी प्रावधान

बलात्कार गर्ने व्यक्तिले उपयुक्त सजाय नपाउनाले नै बलात्कार गर्नेलाई प्रोत्साहन मिलिरहेको छ। त्यसैले देशमा बलात्कारका घटनाहरू बढिरहेका छन्। बलात्कारीलाई सजाय दिन कानुनको सहारा लिनुपर्ने हुन्छ। हालको कानुन बलात्कारीलाई सजाय दिने सन्दर्भमा फितलो रहेको देखिन्छ। हुनत देशका निकायहरू, व्यक्ति र संस्थामा बलात्कारीलाई सजाय दिनुपर्दछ भन्ने मान्यता छ। तर कानुनमा विभिन्न कमजोरीहरू छन् जसले गर्दा बलात्कार भएको ठहर गर्न गाह्रो पर्दछ। हालको हाम्रो कानुनमा बलात्कार भएको ३५ दिनभित्र मात्रै उजुरी गर्न सकिने प्रावधान छ। अनि योनि छेदन भएको स्थितिलाई मात्रै बलात्कार मान्ने परम्परा छ जुन बलात्कारीलाई सजाय दिलाउने सन्दर्भमा ठुलो बाधकका रूपमा रहेको छ। हाम्रो देशको भौगोलिक बनोट, महिलालाई समाजमा दिइएको दर्जा तथा हेर्ने दृष्टिकोण जस्ता विभिन्न कारणले महिलाहरूले आफूमाथि भएको बलात्कारका बारेमा ३५ दिनभित्र उजुरी गर्न नसकेका घटनाहरू अत्यधिक छन्। कतिपय अवस्थामा महिलाले आफूलाई बलात्कार भएको कुरा भन्न पनि धक लाग्छ। लामो समयपछि मात्र उनले भन्न सक्छिन्। आफू उक्त पीडाबाट उम्केर घटना दर्ता गर्न तयार हुन पनि केही समय लाग्दछ। त्यसै गरी साना बालिकाहरू डराएर आफ्नो कुरा खोल्न पनि उनीहरूलाई लामो समय लाग्न सक्छ। त्यसैले बलात्कारको घटनाको उजुरी ३५ दिनभित्रै गर्नुपर्ने भन्ने कानुनी प्रावधान ठीक छैन। यसमा परिवर्तन हुनै पर्दछ। यसका लागि हामी सबैको संयुक्त पहल आवश्यक छ। बलात्कारीलाई कानुनी सजाय दिलाउन नसक्दा अपराधीले छुट पाउँछ। अपराध झन् बढ्छ। त्यसैले बलात्कार गर्ने अपराधीलाई उपयुक्त सजाय दिलाउन अत्यन्तै जरुरी छ। यसका साथै आफूलाई बलात्कार गर्ने व्यक्ति खुला हिँडिरहँदा हामीलाई पनि आफूले न्याय नपाएको अनुभुति भइरहन्छ। त्यसकारण बलात्कारपछि कानुनी कारबाही गर्नु र बलात्कारीलाई सजाय दिनु अनिवार्य छ। हाल हाम्रो देशको बलात्कारसम्बन्धी कानुन निम्न अनुसारको छ :

हाम्रो देशको हालको कानुनी, अदालती र डाक्टरी जाँचका प्रक्रियाहरू महिलाप्रति संवेदनशील छैनन्। त्यसकारण त्यसमा आमुल परिवर्तन हुनु आवश्यक छ। एकातर्फ त्यस्ता कानुन र प्रक्रिया परिवर्तनका लागि हामी सबैले आवाज उठाउनु आवश्यक छ भने अर्कोतर्फ हामीले एकले अर्कोलाई सहयोग गरी बलात्कारको घटनालाई प्रक्रियागत रूपले अगाडि बढाई बलात्कारीलाई सजाय दिलाउन सक्दो सहयोग गर्नुपर्दछ। बलात्कृत महिलालाई चिकित्सकीय र मनोवैज्ञानिक सहयोग तथा परामर्श उपलब्ध गराउनु आवश्यक हुन्छ। त्यसै गरी उनका लागि सुरक्षित आबासको व्यवस्था पनि त्यत्तिकै जरुरी हुन्छ। कुनै पनि महिला आफू सुरक्षित छु भन्ने बारेमा विश्वस्त नभईकन आफूमाथि भएको बलात्कारको घटना दर्ता गराउन तयार हुँदैनन् भन्ने बारे सबैले बुझ्नुपर्दछ। हरेक समुदायमा महिलाकै स्तरबाट पनि सुरक्षित बासको व्यवस्था गर्न सकिन्छ। यसका साथसाथै हरेक गाउँमा महिलाका लागि सुरक्षित बास हुनु जरुरी छ।

## महिलामाथि हुने हिंसा कम गर्नका लागि अपनाउन सकिने उपायहरु

⇨ **आफूमाथि भएको हिंसाका बारेमा बताउने :** हिंसा सहेर चुप लागेर बस्नु हुँदैन। हाम्रो समाजमा आफूमाथि भएको हिंसाबारे अरूलाई भनेमा घरभित्रको कुरा बाहिर ल्याई भन्ने आरोप लाग्छ भन्ने डरले कसैलाई पनि नबताई सहने बानी अधिकांश हामी महिलाहरूमा छ। यसरी सहेर बस्नु पनि आफूमाथि हुने हिंसालाई बढावा दिन सहयोग पुऱ्याउनु हो। त्यसैले हिंसाबारे विश्वासिलो साथीलाई भन्नुपर्दछ। यसो गरेमा आफूले सहयोग पाउन सकिन्छ।

⇨ **महिलास्वास्थ्य स्रोत केन्द्रका परामर्शकर्तासँग सहयोग माग्ने :** महिलास्वास्थ्य स्रोत केन्द्रका परामर्शकर्ताले स्वास्थ्यसम्बन्धी मात्र होइन हिंसामा परेका महिलालाई पनि उचित परामर्श दिने गरेका छन्। यस्ता परामर्शकर्ताले परामर्श दिने र उचित ठाउँमा सिफारिस पनि गर्ने गर्दछन्। त्यसैले आवश्यकतानुसार आफूमात्र होइन आफ्नो श्रीमान् वा परिवारका कुनै पनि सदस्यलाई परामर्श लिन जान प्रोत्साहन दिनुपर्दछ। यस्ता परामर्श केन्द्रहरू अन्य ठाउँमा पनि हुन्छन् र तिनको पनि जानकारी हुनुपर्छ।

⇨ **सङ्गठित हुने :** हिंसा न्युनीकरणका लागि महिला समूहको सदस्य बन्न सकिन्छ। हिंसामा परेका महिलाहरूको घटनालाई नियालेर हेर्ने हो भने धेरै जसो महिलाहरू एक्लो भएको अथवा उनको आत्मविश्बासमा कमी आएको पाइन्छ। कतिपय हिंसा भोगेका महिलाहरू महिला समूहको सदस्य बनेका छन्। उनीहरूको अनुभवमा महिला समूहको

**घटना अध्ययन २०**

*राती रक्सी खाएर आउने, अनि मलाई कुट्ने बानी नै बसिसकेको थियो मेरो श्रीमान्को । विगत १२ वर्षदेखि म उसको कुटाइ खाँदै आइरहेकी थिएँ । घर छोडेर जाऊँ भने पनि कहाँ जाने ? ४ जना छोराछोरी छन् । छोरी बि.ए. मा पढ्ने भइसकेकी छे । साह्रै चिन्ता लाग्थ्यो । सधैं रुन्थेँ । कसैलाई भन्न सकेकी थिइनँ । कसैलाई भनेँ भने घर, परिवारको इज्जत जान्छ भन्ने लाग्दथ्यो । मनमनमा पीडा बोकी बस्ने मेरो जीवनको एउटा पाटो नै भइसकेको थियो । म सुक्दै गएकी थिएँ । मुखमा कान्ति थिएन । यो कुरा हाम्रा गाउँका केही महिलाहरूले याद गर्नुभएको रहेछ । उहाँहरू महिला हिंसाका विरूद्धमा बोल्ने, म जस्तै हिंसापीडित महिलाहरूलाई सहयोग गर्ने गर्नुहुँदो रहेछ । उहाँहरूले बिस्तारै मलाई के भएको छ ? भनेर सोध्नुभयो । अलिअलि त उहाँहरूले मेरो जीन्दगीका बारेमा थाहा पाइसक्नुभएको थियो । मैले आँट गरेर उहाँहरूसँग आफ्नो कुरा खोलेँ । उहाँहरूसँग साह्रै रोएँ । १२ वर्षपछि पहिलो पटक म आफू हल्का भएको अनुभुति गरेँ । उहाँहरू मेरो श्रीमान्सँग कुरा गर्न जानुभयो । विभिन्न प्रकारले कुरा गर्नुभयो । मेरो श्रीमान्लाई उसको मसँग के गुनासो हो त्यो पनि सोध्नुभयो । यसरी उहाँहरूले मेरो श्रीमान्सँग ५-७ पटक कुरा गरेपछि मेरो जीवन अर्कै भएको छ । आजकाल मेरो श्रीमान् रक्सी खानुहुन्न, मलाई कुट्नु पनि हुन्न । आशा गरौं अब मेरा जीवनका दिनहरू आनन्दसँग बित्नेछ ।*

सदस्य भएमा धेरै नयाँ कुरा सिक्न पाइने, महिलाअधिकारसम्बन्धी कुराहरूको जानकारी लिने मौका पाइने बताएका छन् । यतिमात्र नभई समूहमा आबद्ध भएपछि भोगेका हिंसाबारे दुःखेसो पोख्ने थलो पाएको, सङ्गठित हुने मौका पाएको, धेरै साथीहरूको सहयोग पाएको अनुभव बताएका छन् । महिला पुनर्स्थापना केन्द्रसँग आबद्ध महिला समूहहरूले घरेलु हिंसाका धेरै घटनाहरू सुल्झाएका छन्

- ⇨ **छोरा छोरीलाई समान अवसर दिनुपर्दछ :** छोरीहरूलाई हुर्कने क्रममा समाज र परिवारबाट मायाममता, खानपिन, स्याहारसुसार, शिक्षा, अवसर र प्रोत्साहन समान रूपमा दिनुपर्दछ । जसका कारण आफू छोरी र ऊ छोरा भन्ने सोच उत्पन्न नहोस् । छोरी कसैको दबाब र नियन्त्रणविना बाँच्न सक्ने वातावरणको सिर्जना घरमा बाल्यावस्थादेखि गर्नुपर्दछ ।
- ⇨ **सहयोग :** महिलामाथि हुने हिंसा घरेलु मामिला हो भनी पन्छाउने हाम्रो सामाजिक प्रवृत्तिले गर्दा यो समस्यामा कमी आउन सकेको छैन । यसमा सुधार गर्नका लागि हिंसामा परेका महिलालाई सहयोग गर्नुपर्दछ । हिंसा गर्ने व्यक्तिलाई कारबाही गर्नुपर्दछ । यसमा महिला र पुरुषले मिलेर काम गर्नुपर्छ ।